**आकाशवाणी समाचार- नेपाली**

**मितिः १५ जूलाई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- भारत - ब्रिटेन बीच विस्तृत आर्थिक र व्यापार सम्झौता (सी.ई.टी.ए) आजदेखि लागू भएको छ।
- भारत-मालदीव स्वतन्त्र व्यापार सम्झौताको लागि पहिलो चरणको वार्ता सफलतापूर्वक सम्पन्न भएको छ।
- भारतले पश्चिम एशियाको घटनाक्रम माथि चिंता जताउदै होर्मुज जलडमरूमध्यबाट सुरक्षित अनि निर्बाध नौवहन तथा व्यापार जारी राख्ने आवश्यकता दोहराएको छ।
- आसाममा बाढीको अवस्था भयावह बनेको छ। बाढीको कारण राज्यका 6 जिल्लामा 37 हजार भन्दा बढी मानिसहरु प्रभावित बनेका छन्।
- अमेरिकाको टेक्सासस्थित ड्यालस स्टेडियममा भएको फीफा विश्व कपको पहिलो सेमिफाइनल खेलमा स्पेनले फ्रान्सलाई 2–0 को अन्तरले पराजित गर्यो।

**भारत-ब्रिटेन सी.ई.टी.ए**

भारत - ब्रिटेन बीच विस्तृत आर्थिक र व्यापार सम्झौता (सी.ई.टी.ए) आजदेखि लागू भएको छ। एकै समयमा, सामाजिक सुरक्षा सम्झौता, जसलाई दोहोरो योगदान सम्झौता (डी.सी.सी) पनि लागू भएको छ, जसले ब्रिटेनमा भारतीय व्यवसायहरूको गतिशीलता र प्रतिस्पर्धालाई बलियो बनाउनेछ। यस ऐतिहासिक सम्झौता अन्तर्गत भारतीय निर्याततले बेलायतको बजारमा 99 प्रतिशत ट्यारिफ लाइनमा शून्य शुल्क पहुँच प्राप्त हुनेछ। यस सम्झौताले भारत र ब्रिटेनको रणनीतिक साझेदारीलाई बलियो बनाउन र आफ्ना जनताका लागि समृद्धि ल्याउन साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। हिजो नयाँ दिल्लीमा मीडियालाई सम्बोधन गर्दै वाणिज्य सचिव राजेश अग्रवालले भारत-यूके व्यापक आर्थिक र व्यापार सम्झौतालाई भारतको व्यापार यात्रामा एक महत्त्वपूर्ण माइलखुट्टीको रूपमा वर्णन गर्नुभयो | उहाँले भन्नुभयो यसले दुई प्रमुख अर्थव्यवस्थाहरू बीच भविष्यको आर्थिक साझेदारी स्थापित गर्दछ। यस सम्झौताले भारत र बेलायतबीच द्विपक्षीय व्यापार र लगानी सम्बन्धमा नयाँ चरणको सुरुवात गर्ने उहाँले बताउनु भयो।

सुन्नु होस् एक रिपोर्ट        बाइट - इण्डो ब्रिटेन

**भारत-मालदीव**

भारत-मालदीव स्वतन्त्र व्यापार सम्झौताको लागि पहिलो चरणको वार्ता सफलतापूर्वक सम्पन्न भएको छ। यो द्विपक्षीय व्यापार र लगानी सम्बन्ध विस्तारको दिशामा एक महत्वपूर्ण कदम हो। वार्ता पछिलो हप्ता भर्चुअल रूपमा भएको थियो। वाणिज्य र उद्योग मन्त्रालयले भनेको छ, दुवै पक्षले सबै पक्षहरूमा ठोस प्रगति गरेका छन् र विभिन्न मुद्दाहरूमा व्यापक सहमतिमा पुगेका छन्। भारत मालदिभ्सको दोस्रो ठूलो व्यापारिक साझेदार हो। वर्ष 2025-26 मा दुई देशबीचको द्विपक्षीय व्यापार 771 मिलियन अमेरिकी डलरभन्दा बढी थियो। 2024-25 मा, यो 679 मिलियन डॉलर थियो, जो १३ प्रतिशत भन्दा अधिकको वृद्धि हो।

**ब्रिक्स बैठक**

भारतले आज देखि हैदराबादमा 12 औं ब्रिक्स श्रम तथा रोजगार मंत्रिहरुको बैठकको आयोजना गर्दैछ। दुइ दिवसीय यस बैठकमा ब्रिक्स देशहरुका श्रम तथा रोजगार मंत्री अनि वरिष्ठ अधिकारीहरुले भाग लिने छन्। बैठकको अध्यक्षता केंद्रीय श्रम एवं रोजगार मंत्री डॉ. मनसुख मांडवियाले गर्नु हुनेछ।

बैठकमा सामाजिक सुरक्षालाई  बढ़ावा दिने, श्रम क्षेत्रलाई अझ व्यवस्थित बनाउने र कार्यबलमा महिलाहरुको भागीदारी बढ़ाउने जस्ता महत्वपूर्ण मुद्दाहरुमा चर्चा हुनेछ। यस अवधि रोजगार कार्य समूह द्वारा तैयार गरिएको मसौदा घोषणा पत्र माथि पनि विचार गरिनेछ। बैठकको  उद्देश्य ब्रिक्स देशहरु बीच श्रम नीतिहरु, कौशल विकास, श्रमिक कल्याण र समावेशी रोजगारको क्षेत्रमा सहयोगलाई बलियो बनाउनु हो।

**पश्चिम एशिया परिवर्तन**

भारतले पश्चिम एशियाको घटनाक्रम माथि चिंता जताउदै होर्मुज जलडमरूमध्यबाट सुरक्षित अनि निर्बाध नौवहन तथा व्यापार जारी राख्ने आवश्यकता दोहराएको छ।

विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले नयाँ दिल्लीमा मीडियालाई जानकारी दिनु हुदै भन्नु भयो यस क्षेत्रमा शांति अनि स्थिरताको लागि तनाव कम गर्न अनि बातचीतको माध्यमबाट समाधान निकालन आवश्यक छ।

Byte - रंधिर जैसवाल

**नासा अनिल मेनन**

नासाका अंतरिक्ष यात्री अनिल मेनन अनि रूसका अन्य दुइ अंतरिक्ष यात्री, अंतरराष्ट्रीय अंतरिक्ष स्टेशनको लागि प्रस्थान गरेका छन्। उनीहरुले कजाकिस्तानबाट **सोयुज एम.एस-29** अंतरिक्ष यान मार्फत उड़ान भरेका छन्। अनिल मेननको यो पहिलो अंतरिक्ष यात्रा हो। यो मिशन लगभग आठ महीना हुनेछ अनि उनीहरु अप्रैल 2027 मा पृथ्वी फर्कने छन्। नासाले दिएको जानकारी अनुसार, यस अवधि अनिल मेननले वैज्ञानिक अनुसंधान अनि नयाँ तकनीकहरुको परीक्षण सित जोडिएका कैयन प्रयोग गर्ने छन्, जो भविष्यको  अंतरिक्ष अभियानहरु अनि पृथ्वीमा जीवनको लागि उपयोगी हुनेछ।

**पीयूष गोयल - बेल्जियम**

वाणिज्य तथा उद्योग मंत्री पीयूष गोयल स्पेनको यात्रा पछि बेल्जियमको राजधानी ब्रसेल्स पुग्नु भएको छ। व्यापार, निवेश, प्रौद्योगिकी, नवाचार अनि स्थिरता माथि ध्यान दिनुको साथै यूरोप सित भारतको आर्थिक साझेदारीलाई बलियो बनाउने उद्देश्यले एक उच्च स्तरीय र प्रतिनिधिमंडल पनि केंद्रीय मंत्री सितै  रहेको छ। श्री गोयलले बेल्जियमका उप प्रधानमंत्री अनि रोजगार, अर्थव्यवस्था तथा कृषि मंत्री डेविड क्लेरिनवाल सित भेटवार्ता गर्नु भयो अनि व्यापार, निवेश, प्रौद्योगिकी, रसद र कार्यबल गतिशीलता माथि भारत-बेल्जियम सहयोगको विस्तारमा पनि चर्चा गर्नु भयो। दुई नेताहरुले भारत-यूरोपीय संघ स्वतन्त्र व्यापार समझौताको परिवर्तनकारी क्षमता माथि पनि  विचार आदान-प्रदान गर्नु भयो अनि व्यवसा र मानिसहरुको पारस्परिक लाभको लागि आर्थिक सम्बंधलाई सुद्रिड बनाउन आफ्नो साझा प्रतिबद्धताको पुष्टि गर्नु भयो।

**असम - बाढ़ की स्थिति**

आसाममा बाढीको अवस्था भयावह बनेको छ। बाढीको कारण राज्यका 6  जिल्लामा 37 हजार भन्दा बढी मानिसहरु प्रभावित बनेका  छन्। असम राज्य आपदा प्रबंधन प्राधिकरण अनुसार बाढीका कारण यस वर्ष हालसम्म चार जनाको मृत्यु भइसकेको छ। सबैभन्दा अधिक प्रभावित जिल्ला उत्तरी लखिमपुर हो, जहाँ 35 हजारभन्दा बढी मानिस प्रभावित भएका छन्।

सोनितपुर, धेमाजी, शिवसागर, जोरहाट र डिब्रुगढ जिल्ला पनि बाढीबाट प्रभावित भएका छन्। एक हजार हेक्टरभन्दा अधिक क्षेत्रमा फसल नष्ट भएको छ। प्रभावित क्षेत्रमा राहत वितरण केन्द्रहरू सञ्चालन गरिएका छन्।

**भारत - परमाणु ऊर्जा**

भारतले वर्तमानमा सात स्थानहरुमा 8 दशमलव 78 गीगावाटको कुल स्थापित क्षमता रहेको 24 परमाणु ऊर्जा रिएक्टरको संचालन गरि रहेको छ। यसको साथै, 8 हजार मेगावाटको संयुक्त क्षमता रहेको  अन्य दस रिएक्टर एकाईहरु निर्माणाधीन छन्। जसमा रिएक्टर प्रेशराइज्ड हेवी वाटर रिएक्टर, बॉइलिंग वाटर रिएक्टर अनि लाइट वाटर रिएक्टर शामिल छन्। देशले  मुख्य रूपमा प्रेशराइज्ड हेवी वाटर रिएक्टरहरुको संचालन अनि परमाणु ऊर्जा उत्पादनको लागि प्राकृतिक यूरेनियम

ईंधनको उपयोग गरीरहेको। सरकारले भारतले ऊर्जा सुरक्षालाई बलियो बनाउन र स्वच्छ आर्थिक वृद्धिलाई बढावा दिन आफ्नो परमाणु ऊर्जा कार्यक्रमलाई निरन्तर विस्तार गरिरहेको बताएको छ।

पछिलो हप्ता मेलबर्नमा आयोजित तेस्रो भारत-ऑस्ट्रेलिया वार्षिक शिखर सम्मेलनको एक प्रमुख परिणाम भारत-ऑस्ट्रेलिया नागरिक परमाणु सहयोग समझौताको अंतर्गत प्रशासनिक व्यवस्थालाई अंतिम रूप दिनु थियो। यसले शान्तिपूर्ण उद्देश्यका लागि अस्ट्रेलियाबाट भारतमा दीर्घकालीन युरेनियम निर्यातको मार्ग प्रशस्त गरेको छ। अस्ट्रेलियाको युरेनियमले यी आणविक ऊर्जा रिएक्टरहरू चलाउन प्राथमिक इन्धनको निरन्तर आपूर्ति सुनिश्चित गर्नेछ।

**फीफा विश्व कप**

अमेरिकाको टेक्सासस्थित ड्यालस स्टेडियममा भएको फीफा विश्व कपको  पहिलो सेमिफाइनल खेलमा स्पेनले फ्रान्सलाई 2–0 को अन्तरले पराजित गर्यो। खेलको 22 औं मिनेटमा मिकेल ओयारजाबालले पेनाल्टी मार्फत गोल गर्दै स्पेनलाई अग्रता दिलाएका थिए। खेलको 58 औं मिनेटमा पेड्रो पोरोले गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएका थिए। स्पेनले अब फाइनलमा अर्जेन्टिना र इंग्ल्यान्डबीचको दोस्रो सेमिफाइनलको विजेतासँग खेल्नेछ। खेल भारतीय समयअनुसार बिहीबार दिउँसो साढे 12 बजे सुरु हुनेछ।

**क्रिकेट**

हिजो राति भएको पहिलो एकदिवसीय खेलमा भारतले इंग्ल्याण्डलाई छ विकेटले पराजित गरेको छ। बर्मिङघमको एजबास्टनमा भएको खेलमा इंग्ल्यान्डले पहिले ब्याटिङ गर्दै 258 रन बनाएको थियो। भारतले 45 ओभरमा 4 विकेट गुमाएर 262 रन बनाउदै आफ्नो लक्ष्य प्राप्त गर्यो।

कप्तान शुभमन गिलले सर्वाधिक 80 रन बनाएक थिए, अक्षर पटेलले अविजित 57 तथा वासिङटन सुन्दरले अविजित 52 रनको पारी खेलेका थिए। इंग्ल्यान्डका लागि जो रुटले 76 र लियाम डसनले 68 रन बनाए। बलिङतर्फ भारतका अक्षर पटेलले चार विकेट लिएर प्लेयर अफ दि म्याच घोषित भए।  तीन म्याचको श्रृंखलाको दोस्रो मुकाबला 16 जुलाईमा  **कार्डिफ** मा हुनेछ।